# कविवर केदारमान व्यथितः
# क्यै असाधारण चरित्र, क्यै अविस्मरणीय संस्मरण

*कृष्णचन्द्रसिंह प्रधान*

कविवर केदारमान व्यथितलाई सम्झँदा मेरो अगाडि उनको एउटा अविराम सङ्घर्षशील व्यक्तित्व, ओजस्वी प्रखरता, दृढ प्रतिज्ञा स्वरूप झुल्किन्छ । मानूँ पाउमा आँधीको वेग छ, सङ्कल्पमा हिमाली दृढता, गतिमा छहराको अविरलता । व्यस्तताको जिन्दगी बाँचेर सदैव क्रियाशील रहने व्यथित कर्मयोगी योद्धापुरुष थिए । कित सिर्जनारत रहेर त्यसैद्वारा अभिभूत संसारमा रमिरहेका हुन्थे कित लच्चित कार्यको सफल कार्यान्वयन र संगठित संरचनामा समर्पित भई विचरण गरिरहेका हुन्थे । रित्तो हात, शून्य मन, निस्क्रिय शरीर बोकी थिग्रिरहन पटक्कै नरुचाउने व्यथितलाई क्यै न क्यैमा लागिरहनु पर्छ, लागिरहेकै देख्छु ।

व्यथितको शब्दकोशमा विश्रामलाई ठाउँ छैन । भोलिलाई पर्खेर आजको दिन खेर फाल्न मान्दैनन् । पोखरी भएर जमिरहन नचाहेजस्तै उपभोग नगरी सँगालिराख्न पनि मन पराउँदैनन् । भोलिके हुने हो थाहा छैन । जतिसुकै अनिश्चित लागे पनि हरेस नखाने व्यथितमा त्यसका प्रति निर्भयता छ र एउटा आत्मविश्वास पनि । तर हाम्रो जस्तो कुनै कुराको ठेगान नभएको देशमा कसमाथि भरोसा गर्ने ? ऐन-कानुन ? नति-नियम ? नेता, पार्टी, व्यवस्था के मा ? यिनीहरूबाट कतिको चिन्तारहित भई नियमित हुनसक्छौं ? आश्वस्त हुन सक्छौं ? निरुत्तर हुनुपर्ने यस्तै प्रश्नले आशङ्कित भएर नै त कतिलाई अनैतिक भईदिनु परेको छ, कतिलाई भ्रष्टाचार गर्न प्रोत्साहित हुनु परेको छ । विश्वासको यो सङ्कट नै लाग्यो हाम्रो समसामयिक यथार्थ हो । कसैका निम्ति कोही भरपर्दो भएनौं । जोखिम सम्झन्छौं हामी एक अर्काकालागि !

व्यथित त कवि नै भए । भावुक पनि हुनाले कहिलेकाहीं असन्तुलित भइदिनु अनौठो होइन । भावावेश आकर्षित हुने निर्णय जस्तै गल्ती गर्छौं यस्तोमा ।

२००४ सालको कुरो हो । कुरो हो नेपाली साहित्य परिषद्बाट प्रकाशित हुने पुस्तकको काममा व्यथित र हृदयचन्द्र दुवै पटना जाँदाखेरीको । त्यसबेला हिन्दीका प्रसिद्ध कवि दिनकर (रामधारी सिंह)को भर्खरै निस्केको 'कुरुक्षेत्र' काव्यबारे हिन्दी साहित्यमा निकै चर्चा चलिरहेको थियो । व्यथितले पनि त्यो सुने, पढे र प्रभावित भई तुरुन्तै 'कुरुक्षेत्र'को खोजीमा निस्के । हृदयचन्द्र पनि साथै थिए । पटनाबाट छापिएको र त्यहींका कविको बहुचर्चित पुस्तक नपाइने कुरै भएन । देख्ने बित्तिकै सोधिहालेछन् अरे- कतिछन् यो पुस्तक तपाईं कहाँ ?

पुस्तक पसले जिल्लिएर व्यथितलाई हेर्न थाल्छ । दाजु पनि छक्क पर्छन् । यथासमय जवाफ नदिएपछि झ्वाँकिदै हिन्दीमा फेरि दोहोर्‍याउँदै सोधे छन् अरे-'कत्ति छ भनेको सुनेनौ ?'

दाजुले व्यथितलाई यसो आफूतिर तानेर भनेछन् -'के सोध्नु भएको यो ? सयौं प्रति होला रे, हामीलाई किन चाहियो ?"

'ल', यति प्रसिद्ध पुस्तक हाताहात गइहाल्छ नि ।'

'जसको बारेमा हामी त यहाँ आएपछि थाहा पाउँदैछौं । काठमाडौंबासीलाई के थाहा होला ? भइहाले पनि कति छन् पढ्नेहरू ? किन बोझ बोकेर बिनसित्तै गोठालो बन्नु पर्‍या छ हामीलाई ?'

व्यथितलाई हो भन्ने लागेछ । तैपनि २/३ प्रति किनिहाल्नु भो भन्ने सुन्दा मामुली भए पनि उनको भावुक स्वभावबाट अवगत हुन सघाउ पुर्‍याउँछ ।

व्यथित प्रष्ट वक्ता थिए । खसोखास भन्ने स्वभावका साहसी पनि । जस्तो आफूलाई लाग्छ त्यो भनिहाल्थे सोचविचारै नगरी निर्धक्क, निःसङ्कोच र विना कुनै मरमोलाहिजा । भन्दा त्यसको प्रतिक्रिया कस्तो पर्छ सोच्दैन थिए, के भन्लान् गम्दैन थिए । भन्नु हुने हो कि होइन यो पनि ख्याल गर्दैन थिए । खुशाऊन् कि रिसाऊन् के मतलब ? त्यसो भनेर जसलाई र जसका बारेमा भनिरहेका हुन्छन् उसलाई नचाहेर होइन, नसहेर होइन, ऊसित रिसाएर पनि होइन, अथवा उनीहरूकाप्रति कुनै दुर्भावना राखेर भनिरहेका पनि हुँदैनन् । लागेको कुरा सम्मुख राखिदिन्थे, यत्ति हो । पछि उनी बिर्सिसक्छन । व्यवहार भने त्यस्तै गरिरहेका हुन्छन् जस्तो अघिपछि गर्थे, जस्तो सम्बन्ध रहिआएको छ । सुन्नेलाई भने साह्रै खट्किन्छ, नमिठो र त्यतिकै तीतो, टर्रो, जरङ चल्नेखालको पनि । यसकारण कोही अहंकारी सम्भँदा रहेछन्- जिद्दीवाल. कोही एकोहोरो, ठूलो हुनुपर्ने र स्वाँगी पनि । उनले भनेको गलत र शतप्रतिशत बेठीक होइन, नहोला नै भनूँ लौ । हामी पनि त आफ्नो आलोचना, टिप्पणी कहाँ सुन्न सक्छौं र त्यस्तो कमजोरी, अभाव स्वीकारेर कहाँ यथार्थता वरण गर्छौं ? यसकारण सम्मुख क्यै भन्न नसके पनि चित्त बुभ्दोरहेनछ र स्मृतिमा दुराग्रह साँचेर कहिलेकाहीं रौसिन्छौं । यसरी मानिसहरू चिढिंदारहेछन्, अर्कोतिर आफू बिनसित्तै अप्रिय हुनु परेको होसै हुँदैन ।

मानिस त्यस्तै हुँदोरहेनछ जस्तो म चाहन्छु । मैले चाहेजस्तो नहुँदैमा नरुचाउनु पनि एक प्रकारको पूर्वाग्रह हो । यसलाई संकीर्णता भन्छु । निसङ्गताभित्र राखिने सम्बन्धको पनि सापेक्षिक महत्व र मूल्य हुन्छ । यसलाई अँगाल्न नसकेबाट हामीभित्रै कतिपय भ्रमहरू, कलुषितताहरू, वैमनष्यशहरू मौलाउँदा रहेछन् । अमिल्दो बानी-बेहोरा असाधारणताको पनि चिनारी हो- व्यक्तित्व र विलक्षणताको द्योतक भई मानिसमा आभासित हुन थाल्छ । व्यथितले निजी जीवनमा जति व्यक्तित्वको विकास गरे, सम्मान आर्जन गरे अथवा प्रतिष्ठा पाए, अस्तित्व स्थापित गरे यो तिनै विचित्रताको योगदान हो जसका बारेमा हामीलाई गुनासो छ, टिप्पणी गर्छन् मानिसहरू जसले गर्दा अलोकप्रिय पनि भइदिनुपर्‍यो होला । यस्तो स्वभाव, बानी-बेहोर असाधारण लाग्ने मानिसको असामान्यतालाई जनाउने प्रकृति मानेर अङ्गीकार गर्न नसक्नेहरूका निमित्त सदैव आलोच्य हुन्छ र अप्रिय पनि ।

महत्वाकाङ्क्षाविहीन मान्छे उनी होइन । एउटा अर्को सिद्धि पनि छ त्यो हो आँटेको काम फत्तेगर्ने कुशलता । उनले भनेपछि नाइ भन्नेहरू कमै देखें, भन्नै सक्तारहेन छन् । प्रभावित गर्ने सीप त छँदैछ, त्यत्तिकै स्वाभिमानी थिए र मानापमानप्रति एकदम सचेत । त्यसैले ठूलो हुनुपर्ने मान्छे जस्तो पनि देखिन्थे । त्यस्तो हुँदै होइन भन्दिन । वास्तवमा उनीलाई चिनाउने छुट्टै पहिचान भएर यसले उनको व्यक्तित्वको काम गर्‍यो । यस्तो चरित्रको भूमिकालाई गौण गरेर हेर्दा कुनै महत्वपूर्ण तत्वकै उपेक्षा गरेर व्यक्तिको परिचय व्यक्तित्वबाटै अपरिचित भइदिइराखेका हुन्छौं । अग्लो कद, तन्केको छाती, ठाडो सिरले टकटक बडेमानको पाइला चालेर हिंड्ने व्यथित बडो फुर्तिलो र तेजस्वी देखिन्थे ।

जीवनको उकाली-ओरालीमा चाहेकै काम मात्रै गरिरहेका हुँदैनौं । नचाहेको कर्म गरेर पनि विवसता सकारिरहेका हुन्छौं । अर्थात् त्यस्तै गर्ने आस्थाका जोबन्दी होइनौं  तर सकार्न विवस हुन्छौं । लागिसकेपछि समर्पित भई लाग्ने बानी व्यथितको छ । उनको त्याग, सङ्घर्षशीलता र योगदानको तुलनामा विचलन लाग्ने उत्तरार्धको छवि आलोच्य थिएन । टिप्पणीहरू भइरहे । त्यस्तोमा पनि कसैको काँधमा दायित्व पन्छाएर उम्कने गर्दैनन् । अपगाल त खप्नै पर्ने हुन्छ ।

उनी कुलपति हुँदाको घटना हो । एकपटक उनको विरोधमा सानोतिनो आन्दोलन नै छेडियो । पत्र-पत्रिकाहरूमा आलोचनाको भ्मरी लाग्यो । यसको निर्देशन जहाँबाट भए पनि आयोजित थियो । मानिसहरू आफ्नो स्वार्थको लागि कसैको व्यक्तित्व मर्दन गर्न भ्मर्को मान्दा रहेनछन् । यही मौका पारेर साम्प्रदायिक रङ्गसमेत पोत्ने आँट गरे । षडयन्त्र थिएन त भन्दिन । पृष्ठभूमिचाहिं प्रज्ञाभवनको संरक्षण र प्रयोगसित सम्बन्धित थियो । राजपरिवारका कुनै सदस्यसित सरोकार राख्ने प्रश्न भइकन पनि यसलाई नीतिगत स्तरमा कायम गर्न खोजिएकोले कसैप्रति लक्षित थिएन । तर प्रदर्शनकक्ष उपलब्ध नभएको बुँदा मान-अपमानसित गाँसिएर प्रतिशोधमा परिणत हुन्छ । राजा महेन्द्र संरक्षक थिए र प्रज्ञा भवनप्रति अपार माया थियो र विशेष अभिरुचि पनि । कसैलाई दिंदा दिइरहनु पर्ने परिपाटी नै बन्छ, यसबाट मुक्ति मिल्दैन भन्ने राजाको सोचाइ थियो । यसकारण दुरुपयोग नहोस् भन्ने मुरादले सार्वजनिक गरिएन । सम्मुख कुलपति हुनाले सबै कुराको जस-अपजस उसैले बेहोर्नु पर्छ । बहोरे पनि ।

यसरी विरोधको आगो सल्क्यो । सल्केको आगो सल्काउनमा उनीहरू पनि सामेल भए जजसलाई व्यथितको नियुक्ति नै पचेको थिएन । उनीहरूले पनि यस अवसरको उपयोग गरे । जन्ड, निर्भीक र राष्ट्रवादी भई देश भनिरहने स्वाभिमान यो अहम्मन्यता र सङ्कीर्ण सोचाईले मर्माहत हुन्छ ।

माथिको घटना सोजै सम्बन्धित थिएन तर व्यथितको रोबिलो अहम् चुनौती भएछ । त्यस्ता मानिसहरू मौका पाउने बित्तिकै बाँकटे हान्न थालिहाल्छन् । यस अर्थमा असम्बन्धित नलाग्ने सन्दर्भ गाँसेर समस्या चर्काउनुमा सबै एक थिए । कैफियती मन र असहिष्णुतालाई अङ्गीकार गर्नेहरूको प्रतिशोधको लागि निहुँ भए पुग्छ । खेदो खन्नु र हात जोर्नु उनीहरूका निम्ति कुन ठूलो कुरा हो ।

तर यस नीतिगत उत्तरले चिढिएकाहरूको असमझदारीभित्र विद्यमान असहिष्णुताको सानो झलक यहाँ अनुभव गर्न सक्छौं । साथै स्वभाव भएर मुखरित कतिपय विलक्षणता र ओजको कारण अगाडि पर्न नसक्नेहरूलाई ईर्ष्या लाग्छ । व्यथितमा त्यस्तै व्यक्तित्व र विचित्रताको प्रखरता छ । तर व्यथित यही हो भन्न खोजेको होइन । उनलाई चिनाउने र उनीभित्र निहित प्रतिभा तथा व्यक्तित्वको साङ्केतिक उद्‌बोधनमा यस्तो विलक्षणताले पृष्ठभूमिको काम गर्छ । यो अर्कै कुरा हो । भनूँ भने अनौठो लाग्ने असामान्यताहरू धेरैलाई खट्‌किने पनि हुन्छ, सहज लाग्दैन । यसकारण विचित्र मान्छे ठानेर बरु होच्याउन खोज्लान् । वास्तवमा यो विचित्र, अव्यावहारिक र अडबाङ्गो लाग्ने बानी बेहोराले कुनै सिर्जना तल्लीन भावुक चित्तबृत्तिकै विस्मृत र विस्मयकारी मानसिक अवस्था बोध गर्ने एकोहोरोपनलाई बिम्बित गरिरहेको हुन्छ जो सामान्य लाग्दैन ।

व्यथितमा यस्तै विचित्रताहरू थिए - उनको भावुकता, एकोहोरोपन, अव्यावहारिकताले यसलाई परिलक्षित गर्छ । तर कवि-लेखकहरू यस्तै हुन्छन्, विज्ञानी र दार्शनिकहरू यिनै खालका हुन्छन्, यिनै बानी-बेहोराले कवि, दार्शनिक बनाउँछन् भन्न चाहेको होइन । हुने इच्छा र नहुने वितृष्णा नै सबै थोक कहाँ हो र ? यसलाई नैसर्गिक स्तरमै कबुल्नु पर्ने हुन्छ । तर त्यस किसिमको असामाजिकतालाई असाधारण चरित्रको संज्ञा दिएर विशिष्ट गुणको रूपमा अर्थ्याउँछौं र बोध गर्छौं । यो केवल त्यसप्रति निरपेक्षित हुनाको असावधानी हो जो गौण र महत्वहीन सम्झेर परिणामको यादै नगरी आफू पूर्णतया कुनै अर्कै सिर्जनालोकको यात्रा र खोजी गर्ने धुनमा विस्मृत हुने गर्छ । केही यस्तै संस्मरणहरूको चर्चा गर्दैछु जो अव्यावहारिक लाग्ने अतिशय सजगताले एकोहोरिएर झन्डै अमानवीय दुर्घटना भइदिएको थियो । अनि त्यस्तै अनुचितताको बोधले सीमाको ख्यालै नगरेपनि औचित्यपूर्ण यथार्थमा अवलम्बिक भई अपमानजनक अनुभूति सूचित गर्ने उनको साहसिकता पनि आफैमा अद्‌भुत लाग्छ ।

टी.बी. भएपछि व्यथितलाई जति दु:ख लाग्छ त्यसभन्दा दु:खित देखें जानाजानी रोगको शिकार हुनु परेकोमा । त्यसैले विगतलाई साक्षी मानेर बराबर पछुताउने गर्थे । अनि कसैलाई त्यस्तो नपरोस् भनेर आफू एकदम सतर्क हुन्थे । शंकाधारी त उनी थिए नै झन् त्यस्तै भइदिएकोले विश्वास गर्ने नै भो ।

कुरो के भने व्यथितलाई टी.बी. हुन अगावै हृदयचन्द्रलाई यो रोगले छोइसकेको थियो । प्रारम्भिक अवस्थाको हुनाको कहिलेकाहीं त्यस्तै पर्दा बाहिर निस्कने गर्थे । एकदिन दाजुलाई साथ लिएर उनकै काममा व्यथित सिंहदरवार मन्त्रालय गएका रहेछन् । भद्रकाली पुगेपछि एकछिन सुस्ताउन छहारीमा बसेछन् । त्यसबेलासम्म टैक्सी-टेम्पो थिएन । दाजुले गोजीबाट स्याउ झिकेर आफ्नो खल्तीको रुमालले पुछ्दै व्यथितलाई खान अनुरोध गरेछन् । उनी धर्मसङ्कटमा परे । टी.बी. रोगीको गोजी रुमालले पुछेको स्याउ कसरी खाने ? ‘होइन, तपाईं खानुस्, म भर्खरै भात खाएर निस्केको हुँ ।’ व्यथितले उम्कन खोजे रे । दाजु मान्दै मानेन छन् । त्यसैबेला मलाई टी.बी. सरेको हुनुपर्छ- व्यथितको आशङ्का थियो ।

क्षयरोगको उपचार गर्ने टोखा स्यानाटोरियम बाहेक नेपालमा अर्को थिएन । आजको जस्तो ओख्ती निस्किनसकेकोले यो रोग लागेपछि बाँच्ने आसै गर्नु पर्दैनथ्यो हिजोआजको क्यान्सर, एड्स जस्तो । त्यसैले भारतीय राजदूतावासको सहयोगमा उपचारका लागि भूपाल गएका रहेछन् व्यथित ।

यसरी मलाई क्षयरोग लाग्यो- व्यथित भन्थे ।

भूपालको अस्पतालमा उनी छ महिना बसेका थिए । यहाँ क्यै कुरा अझै स्पष्ट गर्नुपर्छ । त्यो हो आफ्नो रोग अरूलाई सर्ला भन्ने पीर र अनि समयका प्रति जागरुकता । उनी अरूबाट पनि यही आशा राख्थे । त्यसो नगर्नाले नै आफू शिकार हुनु परेको बिर्सेका थिएनन् । यस्तै सतर्कता नबेहोरेर समयको बेवास्ता गरेको घटना यहाँ सम्झँदै छु ।

उपचारार्थ भूपाल गएका व्यथितलाई अस्पतालमा राखेको थिएन । अस्पताल नजिकै छुट्टै बङ्गलाको व्यवस्था गरिदिएका थिए । त्यहाँका राज्यपालले पनि निकै सहयोग गरेका थिए अरे । राज्यपाल थिए सायद शङ्करदयाल शर्मा जो पछि राष्ट्रपति भए । विदेशी पाहुना सरह व्यवहार गरेका थिए उनका प्रति । त्यस्तै सुविधा उपलब्ध गराइएको थियो । डाक्टरी जाँच, इन्जेक्शन दिने, खाने कुराको प्रबन्ध, निरीक्षाण आदिको व्यवस्था यावत् अस्पतालबाटै हुन्थ्यो । बाहिर जान-आउनका लागि गाडीको प्रबन्ध थियो, नोकर चाकर त्यतिकै थिए अरे । दाजु पनि भारतीय राजदूतवासकै सहयोगका उपचारका लागि भूपाल गएकाले उनीबाट पनि सुनेको हुँ ।

एकपल्ट इन्जेक्शन दिने नर्स कारणवश ढिलो पुगेकी रहिछिन् । समयको ख्याल गर्ने व्यथितलाई ठूलो लापरवाही लागेछ- दण्डनीय अपराध जस्तो । अनि के चाहियो रिसाइहालेछन् यत्तिकैमा । डाक्टर, नर्सहरू नै समयमा आउँदैनन्, लापरवाही गर्छन् भने बिरामीहरू कसरी ठीक होलान् ? तिमीहरू त रोगीको जिन्दगीसँग खेलाँची गर्दारहेछौं । तिमीलाई जागिरबाटै किन नखोस्ने ? नर्सको त सातोपुत्लो गएछ । भूल भो माफ पाउँ । आइन्दा यस्तो गल्ती हुने छैन भनेछिन् । व्यथितले सुपरेन्टेन्डेनलाई चिठ्ठी लेखिहाले ।

फलानो नर्सले समयमा इन्जेक्शन नदिएर लापरवाही गरेकीले त्यस्ताबाट अस्पतालकै बदनाम हुने हुँदा र बिरामीहरुको यथोचित सेवा सम्भव नहुने देखेकोले निजलाई तुरुन्तै सेवाबाटै बर्खास्त गरिदिनु होला ।

सुरेन्टेन्डेन्ट चिठ्ठी पढेर तीनछक्क पर्छन्, त्यतिकै दुःख पनि लागेछ रे । बर्खास्त गरुँ एउटी नसिको दानापानीको सवाल, कसरी हरण गर्ने ? नगरुँ सम्माननीय विदेशी पाहुनाको अपमान । डाक्टरको निमित्त दुवै कठिन थियो । ठूलो धर्मसङ्कटमा परेछन् ।

चिठ्ठी त लेखे र पठाए पनि तर व्यथितलाई राति निन्द्रै लागेनछ अरे । भोलिपल्ट बिहानै फेरि अर्को चिठ्ठी लेखेछन् सुपरेन्टेन्डेन्टलाई-

त्यस अस्पतालकी फलानो नर्सलाई उपचारको काममा हेलचक्रयाँइ गरेकीले बर्खास्त गर्न लेखेको थिएँ । निजको जिन्दगीको प्रश्न भएकोले अन्याय हुने हुँदा अविलम्व नियुक्तिका लागि अनुरोध गर्दछु ।

मानूँ अस्पताल निजी कार्यालय हो र मातहतका कर्मचारीलाई खोस्ने-थमौती गर्ने हाकिम उनी आफै हुन् ।

चिठ्ठी पढेर सुपरेन्टेन्डेन्ड त्यत्तिकै आश्चर्य चकित हुन्छन् र उनको भावुकतापूर्ण सह्दयता देखेर अलिकता पग्लेछन् पनि । नर्स त त्यहीं रहिरछिन् । मलाई के लाग्यो भने लापरवाहीबाट बढ्ने गैरजिम्मेवारीपनको विरोध गर्नाको साथै अलिकता अपमान गर्न खोजेको लागेछ र त्यो त्यसै अहम्‌को अव्यक्त थियो भने आवेशपूर्ण निर्णयप्रति अलिकता पश्चातापित मनले स्वीकारेको अन्यायबोध तथा दुःखानुभूति पनि थियो । दुवैको अभिव्यक्तिमा विलक्षाण स्वभावको प्रखरता प्रतिबिम्बित नभएको छैन ।

सुने अनुसार नर्सको बर्खास्तगी र बहाली दुवै भएछ अरे !

उपचारकै सन्दर्भमा भूपाल बसाइको बेला घटेको अर्को अविस्मरणीय घटना सम्झन्छु । राजा महेन्द्र भारतको राजकीय भ्रमणको सिलसिलामा भूपाल पनि सवारी भएको थियो । व्यथितको त्यहीं उपचार गराइरहेको थाहा पाएर राजा स्वयं भेट्न सवारी भएको रहेछ उपचारगृहमा । 'खबर पाएको भए म आफै हाजिर हुन्थे सरकारको दर्शन गर्न ।' व्यथितले औपचारिकताका यी शब्द पोखेछन् ।

स्वास्थ्यको स्थिति, सन्चो-विसन्चो, के कस्तो उपचार भइरहेको हो वृत्तान्त जानकारी लिइबक्सेपछि फिर्ति सवारी भयो । पछि राजाबाट बक्स भएको भनी सहयोगार्थ केही रकमसहितको खामबन्दी चिठ्ठी दिन राजाको सचिव व्यथित कहाँ आएछन् । सोच्दै नसोधेको राजाको सम्बोधनबाट खिन्न व्यथितको असन्तोष, गुनासो सचिवलाई देख्ने बित्तिकै एकाएक प्रश्नसूचक भाषामा विस्फोटित भएछ :

'तिम्रो राजा त बडो अनौठाका मान्छे रहेछन्' (मलाई भन्दाखेरी व्यथितले प्रयोग गरेको सर्वनाम हो यो ) कल्पनातीत प्रश्न सुनेर सचिव जिल्लिन्छन् । उदेक मानेर व्यथितलाई हेर्दै भन्छन्- 'के भन्नु भएको ? मैले त पटक्कै बुझिन् ।'

'प्रजातन्त्रमा कसैलाई तिमी भन्नु कहाँको सभ्यता हो यो ?'

त्यसबेलासम्म व्यथितको राजा महेन्द्रसँग त्यति घनिष्ठता थिएन । आत्मीय हिमचिमको अभावमा केवल औपचारिकता निर्वाह गरिएको थियो । बल्ल बुझेछन् व्यथितको आशय । तर सचिवले के भन्ने ? त्यसै त्यसै अलमलिएको देखेर व्यथितले फेरि थपेछन्-

'तिम्रो राजालाई भन्दिनुस् प्रजातन्त्रमा कसैलाई तिमी भनेर सम्बोधन गर्नु राम्रो होइन ।' शब्द मेरो, कुरो व्यथितको ।

सचिव फर्केछन् । राजालाई त्यसरी नै विन्ति चढाएका रहेछन् जसरी व्यथितले भनेका थिए । समय बदलियो । प्रजातन्त्र रहेन, प्रजातन्त्रको स्वतन्त्रता पनि रहेन, वातावरण पनि रहेन । नयाँ बेहुलीको रूपमा निर्दलीय पञ्चायती व्यवस्थाको आगमनले जन्माएको कौतूहलपूर्ण प्रश्न जिज्ञासाको रूपमा सबैको मनमा अङ्कित थियो । त्यसै बेला, सुरु सुरुतिरै हुनुपर्छ । काठमाडौंमा एउटा कवि गोष्ठी भएको थियो सायद राजाको पनि समुपस्थिति थियो । यस विशेष कवि गोष्ठीमा व्यथितले पनि कविता पाठ गरेका थिए । उनको भनाइ अनुसार त्यही कविता राजा महेन्द्र र उनको बीच सम्बन्ध जोड्ने सेतु भयो ।

कविताको सानो अंश यस्तो छः

यस्तै छ
रिसाऊँ खुशाउँ
म ककससँग ?
हिजोसम्मका साथी
वैरी हुन वाध्य
हिजोसम्मका वैरी
साथी हुन बाध्य हुने आज
यस्तो क्षुद्र, विषाक्त
किन्तु सशक्त
परिस्थितिको दास बनेर
युगको उपहास बनेर
रिसाउँ, खुसाउँ
म ककससँग ?

यो कविता सुनेर राजा निकै प्रभावित भए- व्यथित भन्थे । दरबारमै बोलाएर व्यथितबाट त्यही कविता फेरि श्रावण गरिबक्सेको थियो अरे ।

राजासितको यो नाटकीय सम्बन्धलाई खै के भनूँ ? राजनीतिक सहअस्तित्व हो कि कविताले जोडेको साइनो ? तर यही खुलस्त, आत्मीय र सहजताले जोडेको सम्बन्धले व्यथितलाई मन्त्री बनायो, कुलपति बनायो । क्यै

नहुँदाको स्थितिमा पनि भूपालमा उनले पाएको दर्शन-भेट र खरो टिप्पणी राजाका निम्ति अविस्मरणीय थियो । त्यसैले अरुहरु जेबाट सम्बोधित भए पनि केदारमान व्यथित राजा महेन्द्रबाट 'तपाईं' नै भएर सम्बोधित भइरहेको घटना आफैमा अद्भुत, ऐतिहासिक, अविस्मरणीय र मार्मिक छ । उनको साहसिकता र व्यक्तित्व प्रतिष्ठापित गर्ने यो एउटा दृष्टान्त भन्ठान्छु